वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

## हाते ट्याक्टर खरिदको लागि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः २०७८/०१/२१)

यस कार्यालयको आ.व. २०७७/७८ को कार्यक्रम स्विकृत बजेट तथा कार्यक्रम अनुसार गाउँपालिकाका कृषकहरुको लागि आवश्यक हाते ट्याक्टर शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएको हुँदा नेपालको प्रचलित कानुन बमोजिम दर्ता भई कारोवारको लागि स्विकृती प्राप्त फर्म वा व्यवसायीहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनभित्र तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि रित पुर्वकको दरभाउपत्र पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

| शिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | परिमाण | लागत अनुमान रकम (मु.अ. कर सहित रु. ) | धरौटी रकम रू. | शिलबन्दी दरभाउपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| ४ | हाते ट्याक्टर खरिद | १६ थान | १९,५०,०००/- | ५०,७००/- | १,०००/- | |

शर्तहरु

१) यो सूचना प्रथम प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन भित्र इच्छुक फर्म, कम्पनी, सप्लायर्स वा निजको प्रतिनिधिले निवेदन साथ व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर चुक्ता प्रमाणपत्रको प्रमा णित प्रतिलिपि र आर्थिक वर्ष २०७६/७७ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गरी कामको विवरण सहितको दरभाउ पत्र दस्तुर (फछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा वा यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड जोमसोममा रहेको खाता नं. ०६८०३००००१००१००००२ मा जम्मा गर्न सकिनेछ। राजश्व बुझाईसके पश्चात सामानहरुको स्पेसिफिकेशन सहितको दरभाउपत्र सम्बन्धि कागजात कार्यालयबाट प्राप्त गर्न तथा गाउँपालिकाको वेव साइट www.varagungmuktichhetramun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

२) शिलबन्दी दरभाउपत्र पेश गर्दा जमानत वापत तपशिलमा उल्लेख गरे बमोजिमको बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त "क" वर्गका बैंकहरुबाट घटिमा शिलबन्दी दरभाउपत्र खोलेको मितिले ९० दिन अवधि रहेको सक्कल बैंक जमानतपत्र (Unconditional Bid Bond) संलग्न गरि पेश गर्नु पर्नेछ ।

बैंकको नामः नेपाल बैंक लिमिटेड जोमसोम शाखामा रहेको यस गाउँपालिकाको धरौटी खाता नं. ०६८०३००००३००००००००२

३) खरिद भएको दरभाउपत्र फारम फर्मले आवश्यक विवरण भरी तोकिएको कागजातहरु संलग्न राखि खामबन्दी गरी खाम बाहिर आफ्नो फर्मको नाम, थर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र दर्ता गरि सक्नु पर्ने छ । दर्ता भएका बोलपत्रहरु सोहि दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधि, फर्मको प्रतिनिधिको रोहवरमा खोलिने छ । उक्त समयमा फर्मको वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पुग्ने छैन । कारणबस शिलबन्दी दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

४. दरभाउपत्रको प्रत्येक पानामा प्रस्ताव दाताले आधिकारीक सहि तथा फर्म/कम्पनीको छाप लागेको हुनुपर्ने छ ।

५. जुन फर्म/कम्पनिबाट दरभाउपत्र खरिद गरेको हो सोहि फर्म/कम्पनिबाट शिलबन्दी दरबाउपत्र पेश गर्नु पर्ने छ ।

६. शिलबन्दी नभएको, म्याद नाघि आएको, रित नपुगेको वा कुनै शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

७. दरभाउपत्र फारममा आफुले कबोल गरेको रकमलाई अंक र अक्षर दुवैमा प्रष्ट बुझिने गरि छुट्टाछुट्टै लेख्नुपर्ने छ । अंक र अक्षरको बिचमा फरक पर्न गएमा अक्षरमा अंकित मूल्यलाई मान्यता दिईने छ ।

८. दरभाउपत्र स्वीकृत भए पश्चात (७) दिन भित्र सम्झौता गर्न आउन स्विकृत प्रस्तावदातालाई जानकारी गराइनेछ । खरिद गरिने सम्पुर्ण सामानहरु यस गाउँपालिकाको कार्यालय रहेको स्थान कागबेनी मुस्ताङ सम्म आपुर्तीकर्ताले नै ढुवानी गर्नुपर्ने छ ।

९. शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पुर्ण कुराहरु शिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित स्पेशिफिकेशन एवं शर्त, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावलि, २०७४ तथा नेपाल सरकारका अन्य ऐन नियमहरु बमोजिम हुनेछन ।

९. थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ। यो सूचना र दरभाउ पत्र फाराम यस कार्यालयको वेवसाईट www.varagungmuktichhetramun.gov.no बाट समेत डाउनलोड गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत